कम्पनीले आफ्नो जारी पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैया मात्र) को ३०% ले हुन आउने रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको कुल २२,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याएको र उक्त शेयरको १०% अर्थात् २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरिएको ।

(कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बीमा ऐन, २०७९ बमोजिम काम कारोबार गर्न इजाजतपत्र प्राप्त)

क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड

Crest Micro Life Insurance Ltd

CREST MICRO LIFE

रजिष्ट्रर कार्यालय: वीरेन्द्रनगर-६, फोन नं.०८३-५९०६२२ (सुर्खेत), ०१-५९१६७४० (ललितपुर)
पोस्ट बक्स नं. ७७३५, काठमाडौं, वेबसाइट: www.cmli.com.np इमेल : info@cmli.com.np

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्यूनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१०,००० कित्ता

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८१/१०/१५ गते
निष्काशन बन्द हुने मिति :	२०८१/१०/२९ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

आह्वान-पत्र

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक	अपरिष्कृत वित्तीय	प्रक्षेपित		
	आ. व.२०७९/८०	आ.व.२०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
प्रति शेयर नेटवर्थ (रु)	१००.८६	१०३.२७	१०९.३१	१२५.१८	१४५.९३
प्रति शेयर आम्दानी (रु)	०.८६	२.४१	७.७४	१५.८१	२०.६५
संचित मुनाफा (रु.हजारमा)	३,९५२	८,८५५	२६,९५९	९९,४५९	१९६,३२४

रेटिङ्ग सम्बन्धी विवरण :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८१/०५/०७ मा क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced as ICRA NP Issuer Rating Double B) प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ। इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] AAA" देखि "[ICRANP-IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "[ICRANP-IR] AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP-IR] D" ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

रेटिङ्ग प्राप्त गरेको मिति : वि.सं. २०८१/०५/०७ (तदनुसार अगस्ट २३, २०२४)   बहाल रहने मिति : वि.सं. २०८२/०५/०५ (तदनुसार अगस्ट २१, २०२५)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८१/१०/०३, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८१/१०/०४,

१. संस्थाको नाम:

क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड (Crest Micro Life Insurance Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड कार्यालय वीरेन्द्रनगर नगरपालिका वडा नं.०६, सुर्खेत जिल्लामा रहेको छ। साथै, कम्पनीको प्रादेशिक कार्यालय रमेश कम्प्लेक्स, ललितपुरमा रहेको छ।

३. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:

यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९ पौष १३ नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। बीमा ऐन २०७९ तथा बीमा नियमावली २०४९ अनुसार मिति २०७९/१२/२८ गतेका दिन नेपाल बीमा प्राधिकरणबाट लघु जीवन बीमा इजाजत-पत्र प्राप्त गरी लघु जीवन बीमा कम्पनीको हैसियतले मिति २०८०/०२/०८ गतेदेखि लघु जीवन बीमा सम्बन्धी कारोबार सञ्चालन गर्दै आईरहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान:

विरेन्द्रनगर-६ स्थित सुर्खेतमा केन्द्रिय कार्यालय रहको यस संस्थाले ललितपुरमा रहेको प्रादेशिक कार्यालय सहित २३ वटा शाखा तथा उपशाखा मार्फत आफ्नो व्यवसाय नेपाल भर संचालन गर्दै आईरहेको छ। आवश्यकता अनुसार नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई नेपाल राज्यभर आफ्नो शाखा, उपशाखा तथा सम्पर्क कार्यालय खोली लघु जीवन बीमा सम्बन्धी कारोबार गर्न सक्नेछ। यस कम्पनीले हाल सम्ममा देहाय बमोजिमका स्थानहरुमा प्रादेशिक कार्यालय सहित २३ वटा शाखा तथा उपशाखा कार्यालयहरुबाट आफ्नो लघु जीवन बीमा सम्बन्धी कारोबार गर्दै आइरहेको छ।

क. रजिष्टर्ड/केन्द्रिय कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
१	सुर्खेत केन्द्रिय कार्यालय	विरेन्द्रनगर नगरपालिका-०६, सुर्खेत

ख. प्रादेशिक कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
२	ललितपुर प्रादेशिक कार्यालय	ललितपुर महानगरपालिका-०२, ललितपुर

ग. शाखा/उपशाखा कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
कोशी प्रदेश		
३	बिर्तामोड उपशाखा कार्यालय	बिर्तामोड-०१, झापा
४	ईलाम उपशाखा कार्यालय	इलाम नगरपालिका-०७, ईलाम
मधेश प्रदेश		
५	कलैया उपशाखा कार्यालय	कलैया उपमहानगरपालिका-०५, बारा
६	जनकपुर उपशाखा कार्यालय	जनकपुरधाम उपमहानगरपालिका-०१, धनुषा
७	राजविराज उपशाखा कार्यालय	राजविराज उपमहानगरपालिका-०६, सप्तरी
बागमती प्रदेश		
८	बनेपा उपशाखा कार्यालय	बनेपा नगरपालिका-०८, काभ्रेपलाञ्चोक
९	हेटौँडा उपशाखा कार्यालय	हेटौँडा उपमहानगरपालिका-०४, मकवानपुर
१०	सिन्धुली उपशाखा कार्यालय	कमलामाई नगरपालिका-०६, सिन्धुली
गण्डकी प्रदेश		
११	गैँडाकोट उपशाखा कार्यालय	गैँडाकोट नगरपालिका-०५, नवलपुर
१२	दमौली उपशाखा कार्यालय	व्यास नगरपालिका-०२, तनहुँ
लुम्बिनी प्रदेश		
१३	कोहलपुर उपशाखा कार्यालय	कोहलपुर नगरपालिका-११, बाँके
१४	तुल्सीपुर उपशाखा कार्यालय	तुलसीपुर उपमहानगरपालिका-०६, दाङ
१५	जीतपुर उपशाखा कार्यालय	बाणगंगा नगरपालिका-०४, कपिलवस्तु
१६	तौलिहवा उपशाखा कार्यालय	कपिलवस्तु नगरपालिका-०१, कपिलवस्तु
कर्णाली प्रदेश		
१७	जाजरकोट उपशाखा कार्यालय	भेरी नगरपालिका-०४, जाजरकोट
१८	दैलेख उपशाखा कार्यालय	नारायण नगरपालिका-०१, देवकोटाचोक, दैलेख
१९	सल्यान उपशाखा कार्यालय	शारदा नगरपालिका-०१, सल्यान
२०	छिन्चु उपशाखा कार्यालय	भेरीगंगा नगरपालिका-१२, सुर्खेत
सुदुरपश्चिम प्रदेश		
२१	टिकापुर उपशाखा कार्यालय	टिकापुर नगरपालिका-०१, टीकापुर
२२	डडेल्धुरा उपशाखा कार्यालय	अमरगढी नगरपालिका-०५, डडेल्धुरा
२३	अत्तरिया उपशाखा कार्यालय	गोदावरी नगरपालिका-०१, कैलाली

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९ पौष १३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो। न्यून आय भएका मध्यम वर्ग एवं पिछडिएका क्षेत्रका बासिन्दा र सिमान्तकृत समुदायका व्यक्तिहरुलाई लघु जीवन बीमा सेवा पुऱ्याउने लक्ष्यका साथ बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९ अनुसार मिति २०७९/१२/२८ मा लघु जीवन बीमाको इजाजत पत्र प्राप्त गरी मिति २०८०/०२/०८ गते देखि कारोबार सञ्चालन गर्दै आइरहेको छ। यस कम्पनीमा संयुक्त लगानीकर्ताहरुमा नेपाली प्रतिष्ठित व्यवसायी समूहहरुको संस्थापक लगानी ७०% रहेको छ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही जीवन बीमा सम्बन्धी कारोबार गर्न यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) दुर्गम, ग्रामिण तथा शहरी क्षेत्रको सीमान्तकृत तथा न्यून आय भएका समुदायलाई लक्षित गरी लघुबीमा सेवाको प्रवाह गर्ने।
(ख) लघु जीवन बीमा सेवाका सेवाग्राहीको रुपमा न्यून आय भएका परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी सहुलियत दरमा लघु बीमा सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने।
(ग) गरीवी निवारण सम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई लघुबीमासँग आवद्ध गरी समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्ने।
(घ) लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी लक्षित वर्गको जीवनमा पर्ने जोखिम सुरक्षण गर्नेगरी बीमालेख जारी गर्ने।
(ङ) स्थानीय स्तरमा विद्यमान सामुदायिक संस्था, बचत तथा ऋण सहकारी, लघुवित्त कारोबारमा संलग्न संस्थाहरुसँग आवद्ध जनतालाई समेट्ने गरी लघुबीमाका बीमालेख बिक्री गर्ने।
(च) स्थानीय तहमा लघुबीमाको पहूँच बढाउनुका साथै त्यस्ता नागरिकहरुमा बीमाको माध्यमबाट जीवनको सुरक्षण गर्ने प्रचलनको विकास गर्ने।
(छ) दिगो एवं सरल रुपमा सम्पूर्ण लघु जीवन बीमा सेवा उपलब्ध गराउने।
(ज) प्रचलित बीमा सम्बन्धी कानूनको अधिनमा रही विभिन्न प्रकारका लघु जीवन बीमा व्यवसाय गर्ने गराउने र दिगो एवं सरल रुपमा लघु जीवन बीमा सेवा उपलब्ध गराउने।
(झ) स्वादेशी/विदेशी, बीमक, पुनर्बीमक व्यवसायीहरुसंग सहकार्य गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा, सबै किसिमका लघु जीवन बीमा, सह लघु जीवन बीमा तथा पुनर्बीमा गर्ने/गराउने।
(ञ) जीवन लघु बीमा व्यवसायको सिलसिलामा स्वदेशमा बीमक, पुनर्बीमक, दलाल, बीमा अभिकर्ता आदि नियुक्ति गर्ने गराउने।
(ट) विभिन्न जोखिम समूहको बीमा, पुनर्बीमा तथा बीमा दाबी भुक्तानी व्यवस्था मिलाउन गठन हुने लघु बीमा पुल (सामूहिकिकरण) को स्थापना तथा व्यवस्थापन गर्ने गराउने।
(ठ) लघु बीमा वा पुर्नबीमा सम्बन्धमा स्वादेशी विदेशी बीमा कम्पनी, व्यक्ति संग सम्झौता गर्ने, त्यस्तो सम्झौतामा सहभागी बन्ने। बीमालेखहरु हस्तान्तरण गर्ने। आफुले पनि सो अनुसार गर्ने गराउने।
(ड) आफुले ग्रहण गरको बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएको दावी एवं व्यवस्थापन गरेका बीमा कोष अन्तर्गत उत्पन्न हुने दावी भुक्तानी सम्बन्धी कार्य गर्ने।
(ढ) कम्पनीको उद्देश्य पुरा गर्न भैपरी आउने अन्य आवश्यक कार्यहरु गर्ने।

६. पूँजी संरचना सम्बन्धी जानकारी:

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पूँजी** : यस कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैयाँ मात्र) रहेको छ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी**: यस कम्पनीको जारी पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) रहेको छ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७५,००,००० (पचहत्तर लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी**: यस कम्पनीको तत्काल चुक्ता पूँजी रु.५२,५०,००,०००/- (अक्षरेपी बाउन्न करोड पचास लाख मात्र) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- का दरले ५२,५०,००० (बाउन्न लाख पचास हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरणपत्र मार्फत प्राथमिक सार्वजनिक निष्काशन गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) हुनेछ।

७. प्रारम्भिक सार्वजनिक निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	५२,५०,०००	७०%	५२,५०,००,०००/-	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	२२,५०,०००	३०%	२२,५०,००,०००/-	निष्काशन पश्चात् भुक्तानी हुने
	जम्मा	७५,००,०००	१००%	७५,००,००,०००/-	

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

सञ्चालक समितिको संरचना र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था: यस कम्पनीको नियमावली नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

समूह	संचालक संख्या
समूह "क" संस्थापक शेयरधनीबाट प्रतिनिधित्व गर्ने शेयरधनीहरु	४ जना
समूह "ख" सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने शेयरधनीहरु	२ जना
स्वतन्त्र विशेषज्ञ सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोट : कम्पनीको सर्वसाधारण शेयरधनी समूहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानून बमोजिम संचालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरी संचालक समिति गठन गरिनेछ।
सञ्चालकको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

९. सञ्चालक तथा आधारभूत शेयरधनीहरुको विवरण:

आधारभूत शेयरधनीको विवरण :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय अनुभव
१	हिमालयन रिइन्स्योरेन्स लि. का.म.न.पा., वडा नं.१	संस्थापक	लागु नहुने	लागु नहुने	१,१२५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२	मेट्रो क्यापिटल प्रा.लि. का.म.न.पा.वडा नं. १०	संस्थापक	लागु नहुने	लागु नहुने	८७२,५००	लागु नहुने	लागु नहुने	लागु नहुने
३	श्री किशन लाल दुगड मोरंग, विराटनगर वडा नं.८	संस्थापक	८२	नेपाली	३५०,०००	साक्षर	के.एल. दुगड ग्रुपको अध्यक्ष रहनु भएको	नभएको
४	के.आर.एस.इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा. वडा नं.१४	संस्थापक	लागु नहुने	लागु नहुने	३५०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
५	श्रीमती श्रद्धा अग्रवाल ललितपुर महानगरपालिका, वडा नं.२	संस्थापक	५०	नेपाली	२२७,५००	स्नातकोत्तर	नभएको	नभएको
६	श्रीमती संगीता देवी मोर पर्सा, विरगंज वडा नं.१३	संस्थापक	६१	नेपाली	२०८,५००	साक्षर	ग्रीन अर्थ इन्भेष्टमेन्ट एण्ड कन्स्ट्रक्सन लगायतका पारिवारिक व्यवसायमा संलग्न	नभएको
७	श्री अनुपम राठी मोरंग, विराटनगर वडा नं.१२	संस्थापक	४९	नेपाली	१७५,०००	स्नातक	कार्पेट उत्पादन व्यवसायमा संलग्न	कार्पेट उत्पादन व्यवसायमा संलग्न
८	श्रीमती सुमन मोर पर्सा, विरगंज वडा नं.१३	संस्थापक	६१	नेपाली	१५२,०००	साक्षर	ग्रीन अर्थ इन्भेष्टमेन्ट एण्ड कन्स्ट्रक्सन लगायतका पारिवारिक व्यवसायमा संलग्न	नभएको
९	श्रीमती बीना मोर पर्सा, विरगंज वडा नं.१३	संस्थापक	५८	नेपाली	१५२,०००	साक्षर	लक्कि ग्रुप अन्तर्गतको पारिवारिक व्यवसायमा संलग्न	नभएको
१०	श्री संजय गोल्छा का.म.न.पा., वडा नं. २२	संस्थापक	४३	नेपाली	१२५,०००	स्नातकोत्तर	नियोटेरिक नेपालमा कार्यानुभव,	आयात/निर्यात व्यवसाय
११	समृद्धि एण्ड कम्पनी प्रा.लि.	संस्थापक	लागु नहुने	लागु नहुने	१२५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१२	वैभव एण्ड कम्पनी प्रा.लि. का.म.न.पा., वडा नं.३०	संस्थापक	लागु नहुने	लागु नहुने	१२५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१३	आर.एच.इन्भेष्टमेन्ट एण्ड डेभलपर्स प्रा.लि. का.म.न.पा वडा नं.११	संस्थापक	लागु नहुने	लागु नहुने	१००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१४	इफिसियन्ट हाउजिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा वडा नं.२९	संस्थापक	लागु नहुने	लागु नहुने	१००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१५	आर.एम.सी.कन्स्ट्रक्सन एण्ड इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा., वडा नं.१३	संस्थापक	लागु नहुने	लागु नहुने	१००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१६	इलाइट हाउजिङ एण्ड इन्भेष्टमेन्ट प्रा.लि. का.म.न.पा वडा नं.२९	संस्थापक	लागु नहुने	लागु नहुने	६२,५००	लागु नहुने	लागु नहुने	लागु नहुने
१७	श्री शोभाकर न्यौपाने, का.म.न.पा., वडा नं.४	संस्थापक	६६	नेपाली	१००,०००	स्नातक	अम्बे ग्रुप अन्तर्गतको व्यापार व्यवसायमा २० वर्ष भन्दा बढी अनुभव।	उत्पादन सम्बन्धित व्यवसाय

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१.	श्री ऋषि राज मोर, (प्रतिनीधीः ग्रीन अर्थ इनभेष्टमेण्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.) का.म.न.पा - १०	अध्यक्ष	३७	नेपाली	५०,०००	एम.बि.ए	- टायर हाउस प्रा.लि.का अध्यक्षको रुपमा सन् २०१३ देखि २०१९ सम्मको कार्यानुभव, - लक्की ग्रुप-नेपालको कार्यकारी निर्देशकको रुपमा सन् २०१३ देखि हाल सम्मको कार्यानुभव, - हाल नुप्लास्ट इन्डस्ट्रिज प्रा.लि.का प्रबन्ध निर्देशकको रुपमा सन् २०२२ देखि हाल सम्म कार्यरत हुनु भएको।	२०७९/०९/१४ देखि केस्ट माइको लाइफ इन्स्योरेन्स लि. को अध्यक्ष
२.	श्रीमति मदुला सरिया, (प्रतिनीधीः मेट्रो क्यापिटल प्रा.लि.) का.म.न.पा - १०	संचालक	३७	नेपाली	८,७२,५००	एम.आई.एस	-ESC मिडियाका लागि स्वतन्त्र लेखिका तथा ग्रुमिङ्ग टेल्स प्रा.लि. को सह-संस्थापकको रूपमा सन् २०२० देखि हालसम्म निरन्तर रुपमा आबद्ध भई कार्य गरिरहनु भएको।	- २०७९/०९/१४ देखि केस्ट माइको लाइफ इन्स्योरेन्स लि. को संचालक
३.	श्री रोहित करण बैद्य, (प्रतिनीधीः मेट्रो क्यापिटल प्रा.लि.) का.म.न.पा - ०२	संचालक	३१	नेपाली	८,७२, ५००	स्नातक	-शालिमार हस्पिटालिटी एण्ड फुड प्रा.लि. मा सन् २०२२ डिसेम्बर देखि हालसम्म कार्यरत रहनु भएको।	- २०७९/१२/२० देखि केस्ट माइको लाइफ इन्स्योरेन्स लि. को संचालक
४	श्री विदुर पुरी, (प्रतिनीधीः मेट्रो क्यापिटल प्रा.लि.) का.म.न.पा - १४, कलंकी	संचालक	५१	नेपाली	८,७२,५००	एम.बि.ए	-सन् २०२४ मार्च देखि बलेफी हाइड्रोपावर लिमिटेडमा संचालक रहनु भएको।	२०७९/१२/२० देखि केस्ट माइको लाइफ इन्स्योरेन्स लि. को संचालक
५	श्री पवित्र लाल चुके, का.म.न.पा - २८	स्वतन्त्र संचालक	५७	नेपाली	-	एम.बि.ए	-निर्यात बजार अनुसन्धानमा संलग्न हुनु भएको उहाँ लाली गुराँस इन्भेस्टमेन्ट कम्पनी (सन् २००६ देखि २०१२ सम्म अध्यक्षको रुपमा), इन्फिनिटी एडुकेटर्स ग्रुपमा (सन् २००८ देखि २०१० सम्म अध्यक्षको रुपमा) आवद्ध। -रियल इन्भेस्टमेन्टमा सन् २००९ देखि र इको ग्रीन मल्टी-पर्पजमा सन् २०१० देखि अध्यक्षको रुपमा आफ्नो योगदान दिईरहनु भएको।	२०७९/११/२७ देखि केस्ट माइको लाइफ इन्स्योरेन्स लि. को स्वतन्त्र संचालक

१०. धितोपत्र जारी गर्नुको उद्देश्य:

१. कम्पनीको जारी पूँजी रु.७५ करोड मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा विक्री गर्नु पर्ने भएको कारण सो को ३०% अर्थात रु.२२,५०,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- अङ्कित दरका २२,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा (वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) विक्री वितरण गरी कम्पनीको सञ्चालक समितिमा सर्वसाधारणको समेत प्रतिनिधित्व गराउन।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न।
३. कम्पनीले आफ्नो सेवा विस्तार गर्ने क्रममा बीमा व्यवसायको जोखिम धारण क्षमता बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
४. बीमा क्षेत्रको नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणद्वारा मिति २०८१/०४/३० गते प्राथमिक शेयर निष्काशन सम्बन्धमा प्रदान गरिएको सैद्धान्तिक स्वीकृतिको पालना गर्न तथा नेपाल बीमा प्राधिकरणको मिति २०८१/०७/२० गतेको पत्र अनुसार बार्षिक साधारणसभा अगावै तोकिएको न्यूनतम चुक्ता पूंजी कायम गर्न।

११. सिमित दायित्व सम्बन्धी विवरण:

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ।तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

१२. सकारात्मक पक्षहरु:

१. बीमा क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस कम्पनीको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको,
२. पिछडीएको क्षेत्र, विपन्न वर्ग, सिमान्तकृत समुदाय तथा बीमाको दायरामा नआएका व्यक्तिहरु सम्म सेवा विस्तार,
३. स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट बीमा व्यवसाय सेवा प्रदान गर्दै आइरहेको,
४. छिटो छरितो दाबी भुक्तानी गर्न सक्षम,
५. नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६. स्थानीय समुदायमा बीमा कम्पनीले बनाएको अमिट छाप,

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधि भरको लेखापरीक्षण भएको संक्षिप्त वित्तिय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):

यस कम्पनीको संचालन अवधि भरको लेखापरीक्षण भएको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)		अपरिष्कृत २०८०/०८१ (रु.हजारमा)	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७८/०७९	आ.ब. २०७९/८०		आ.ब. २०८१/८२	आ.ब. २०८२/८३	आ.ब. २०८३/८४
सम्पत्ति						
गुडवील र अमूर्त सम्पत्ति	–	१,०३८	१,६४४	१,४२८	१,१९०	९२८
सम्पत्ति, प्लान्ट र उपकरण	–	३२,८७४	३७,१००	३२,६१९	२७,९४८	२३,०६७
सम्पत्तिमा लगानी	–	–	–	–	–	–
स्थगन कर सम्पत्ति	–	–	७,२००	३८,४१५	७५,५०१	१२१,५१७
सहायक कम्पनीमा लगानी	–	–	–	–	–	–
सम्बन्ध कम्पनीमा लगानी	–	–	–	–	–	–
लगानीहरु	–	४६७,५००	५४३,०००	१,०३२,११५	१,३८२,४४४	१,९२२,२१५
ऋणहरु	–	–	–	–	–	–
पुनर्बीमा सम्पत्तिहरु	–	–	३,०००	–	–	–
चालु कर सम्पत्ति	–	–	२,५८६	५,७९४	१०,८५३	१७,८९३
बीमाबाट प्राप्त हुन बाँकी	–	–	–	–	–	–
अन्य सम्पत्तिहरु	–	४२३	२,०३४	२,८९८	२,९९०	३,२०९
अन्य वित्तिय सम्पत्तिहरु	–	–	–	१,५४१	१,९९४	२,३०९
नगद र नगद बराबर	–	४३,९२९	१७,७९६	२२,४७४	३३,६०७	४७,१५३
कुल सम्पत्ति	–	**५४५,७६५**	**६१४,३५९**	**१,१३७,२८४**	**१,५३६,५२७**	**२,१३८,२९२**
इक्वीटी तथा दायित्वहरु	–					
इक्वीटी	–					
शेयर पूँजी	–	५२५,०००	५२५,०००	७५०,०००	७५०,०००	७५०,०००
Share Application Money Pending Allotment	–	–	–	–	–	–
शेयर प्रिमियम	–	–	–	–	–	–
महाविपत्ती कोष	–	४९४	९९५	३,६८१	११,८२७	२२,७११
संचित मुनाफा	–	३,९५२	८,८५५	२६,९५९	९९,४५९	१९६,३२४
अन्य इक्वीटी	–	४९	७,२९९	३९,१६९	७७,५८५	१२५,४०६
कुल इक्वीटी	–	**५२९,४९५**	**५४२,१४९**	**८१९,८०८**	**९३८,८७०**	**१,०९४,४४०**
दायित्वहरु	–					
प्रावधानहरु	–	१८४	१,६११	३,६७८	५,३१७	७,०५७
कुल बीमा करार दायित्व	–	६४	४७,६००	२८०,७५४	५५८,२९५	९९६,१३०
स्थगन कर दायित्वहरु	–	४४२	–	–	–	–
बीमा भुक्तानी	–	२८	४,९९५	९,१०१	१,४९७	१,३७८
चालु कर दायित्वहरु	–	३१६	–	–	–	–
सापटी	–	–	–	–	–	–
अन्य दायित्वहरु	–	१२,९८५	१३,००९	१२,५४७	११,४००	१०,२७२
अन्य वित्तीय दायित्वहरु	–	२,२५२	४,९९५	११,३९६	२१,१४८	२९,०१५
कुल दायित्वहरु	–	**१६,२७०**	**७२,२०९**	**३१७,४७६**	**५९७,६५७**	**१,०४३,८५२**
कुल इक्वीटी तथा दायित्वहरु	–	**५४५,७६५**	**६१४,३५९**	**१,१३७,२८४**	**१,५३६,५२७**	**२,१३८,२९२**

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)		अपरिष्कृत (रु.हजारमा) २०८०/८१	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०		आ.ब. २०८१/८२	आ.ब. २०८२/८३	आ.ब. २०८३/८४
आम्दानी	–					
कुल आम्दानी प्रिमियम	–	६४	९७,६४५	५१३,८०६	७५८,६११	१,०९०,७६१
प्रिमियम हस्तान्तरण	–	(२८)	(१३,३७४)	(८३,३१५)	(१३४,१४६)	(१९०,८२७)
खुद आम्दानी प्रिमियम	–	**३६**	**८४,२७१**	**४३०,४९१**	**६२४,४६५**	**८९९,९३५**
कमिशन आम्दानी	–	–	–	–	–	–
अन्य प्रत्यक्ष आम्दानीहरु	–	–	०.१३	१२०	९४४	२,०९३
सेवाग्राहिलाई प्रधान गरिएको ऋण बापतको ब्याज आम्दानी	–	–	–	–	–	२३०
लगानी र ऋणबाट आम्दानी	–	१४,९८६	४७,७५२	६४,१६६	१०१,१७४	१४०,७९९
उचित मूल्य परिवर्तनमा खुद नाफा/(नोक्सान)	–	–	–	–	–	–
खुद प्राप्त नाफा/(नोक्सान)	–	–	–	–	–	–
अन्य आम्दानीहरु	–	–	०.०६	–	–	–
कुल आम्दानी	–	**१५,०२१**	**१३२,०२३**	**४९४,७७६**	**७२६,५८३**	**१,०४३,०५६**
खर्चहरु	–					
कुल दावी भुक्तानी	–		८,८३४	९९,३४३	२४७,९६२	३५७,७५९
दावी हस्तान्तरण	–	–	(४,७५२)	(५१,६५८)	(१२८,९४०)	(१८६,०३५)
करार दायित्वहरुमा कुल परिवर्तन	–	–	४७,५३६	२३३,१५४	२७७,५४१	४३७,८३५
पुनर्बीमाकर्ताहरुलाई हस्तान्तरण गरेको करार दायित्वहरुमा परिवर्तन	–	६४	(३,०००)	–	–	–
खुद दावी भुक्तानी	–	–	**४८,६१८**	**२८०,८३९**	**३९६,५६३**	**६०९,५५९**
कमिशन खर्चहरु	–	६४	१०,७३६	६१,५३३	९४,२५८	१३४,२३०
सेवा शुल्कहरु	–	–	४२१	२,१५२	३,१२२	४,५००
अन्य प्रत्यक्ष खर्चहरु	–	०	६८	३१३	४०७	५३३
कर्मचारी लाभ खर्चहरु	–	०	३९,९९७	६१,१५३	७०,७१०	७७,५४७
ह्रासकट्टी र परिशोधन खर्चहरु	–	४,०५४	७,१८७	८,२०५	८,७६८	९,३८७
Impairment Losses	–	२,०३८	–	–	–	–
अन्य सञ्चालन खर्चहरु	–	२,५९३	१९,००४	५२,९२९	७०,७११	९८,१२५
वित्तिय लागत	–	२७०	९७७	७९४	५८२	३३८
कुल खर्चहरु	–	**६,००२**	**१२७,०१०**	**४६७,९१८**	**६४५,१२२**	**९३४,२१९**
इक्वीटी विधि र कर प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर अघि वर्षको लागि खुद नाफा / नोक्सान	–	–	**५,०१३**	**२६,८५८**	**८१,४६०**	**१०८,८३७**
इक्वीटी विधि प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर	–	–	–	–	–	–
कर अघिको नाफा	–	**६,००२**	**५,०१३**	**२६,८५८**	**८१,४६०**	**१०८,८३७**
आयकर खर्चहरु	–	१,५०८	(७,६४२)	(३१,२१६)	(३७,०८६)	(४६,०१६)
वर्षको खुद नाफा/(नोक्सान)	–	४,४९५	१२,६५५	५८,०७४	११८,५४६	१५४,८५३
प्रति शेयर आम्दानी	–					
आधारभूत प्रति शेयर आम्दानी	–	**०.८६**	**२.४१**	**७.७४**	**१५.८१**	**२०.६५**
Diluted EPS		**०.८६**	**२.४१**	**७.७४**	**१५.८१**	**२०.६५**

१४.संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ:

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक	अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
चुक्ता पूँजी (रु.हजारमा)	५२५,०००	५२५,०००	७५०,०००	७५०,०००	७५०,०००
संचित मुनाफा (रु.हजारमा)	३,९५२	८,८५५	२६,९५९	९९,४५९	१९६,३२४
रिजर्भ तथा अन्य इक्वीटी	५४३	८,२९४	४२,८४९	८९,४१२	१४८,११७
कुल नेटवर्थ	५२९,४९५	५४२,१४९	८१९,८०८	९३८,८७०	१,०९४,४४०
खुद नाफा/(नोक्सान) (रु. हजारमा)	४,४९५	१२,६५५	५८,०७४	११८,५४६	१५४,८५३
शेयर संख्या ('००० मा)	५,२५०	५,२५०	७,५००	७,५००	७,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००.८६	१०३.२७	१०९.३१	१२५.१८	१४५.९३
प्रति शेयर आम्दानी (रु.)	०.८६	२.४१	७.७४	१५.८१	२०.६५
नेटवर्थमा प्रतिफल (%)	०.८५	२.३३	७.०८	१२.६३	१४.१५
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) :					२.२०%

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बीमा बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी एस.एम.सि.ए. एशोसियट्स, चार्टर्ड एकाउन्टेन्टसद्वारा प्रमाणित गरेको हो।

ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : विगत २ वर्षदेखि मात्र कम्पनी संचालनमा रहेकाले सो व्यवस्था लागू नहुने।

१५. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै, त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने:

क्र.सं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ति मिति	अनुभव	यस संगठित संस्थामा रहेको शेयर संख्या
१.	श्री प्रताप मान श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	२०८०/०१/१७	- नेशनल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेडमा नायब प्रमुख कार्यकारी अधिकृतसम्मको विभिन्न पदमा रहि ३३ वर्षको कार्यानुभव, - केस्ट माइको लाइफ इन्स्योरेन्स कम्पनी लि.मा मिति २०८०/०१/१७ देखि प्रमुख कार्यकारी अधिकृत नियुक्त भई कार्यरत।	-
२.	श्री अभिजित के.सी.	नायब प्रमुख कार्यकारी अधिकृत	एम.वि.ए.	२०८०/०१/१७	- नेशनल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेडमा ५ वर्षको कार्यानुभव, - सूर्या लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेडमा अन्डरराईटिङ्ग प्रमुखको रुपमा रहि १५ वर्षको कार्यानुभव, - केस्ट माइको लाइफ इन्स्योरेन्स कम्पनी लि.मा मिति २०८०/०१/१७ देखि नायब प्रमुख कार्यकारी अधिकृत नियुक्त भई कार्यरत।	-
३.	श्री मनोज पन्थ	प्रमुख वित्तीय अधिकृत	C.A	२०८०/०१/१७	- सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. मा प्रमुख वित्तीय अधिकृत रहि ११ महिनाको कार्यानुभव, - एल आई सि नेपाल लि. मा अन्डरराईटिङ्ग तथा भ्यालुयसन विभागमा रहि ३ वर्षको कार्यानुभव, - केस्ट माइको लाइफ इन्स्योरेन्स कम्पनी लि.मा मिति २०८०/०१/१७ देखि प्रमुख वित्तीय अधिकृत नियुक्त भई कार्यरत।	-

माथि उल्लेखित कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको।

१६. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:

अन्तर्निहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

क) वित्तीय साधनको अभाववाट हुने जोखिम : निक्षेप लगानी तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु तथा नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम : लागू नहुने।

ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

१. **बजार स्थिति :** नेपाल बीमा प्राधिकरणको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२२/२३ मा वैदेशिक रोजगारी बीमा बाहेक ३९.०३% र वैदेशिक रोजगारी जीवन बीमा सहित ४४.३५% जनसंख्या बीमाको दायरामा समावेश भएको देखिन्छ। अझै नेपालको जनसंख्याको ठुलो हिस्सा बीमाको दायरा भित्र नआईसकेको हुँदा नेपालमा जीवन बीमा व्यवसायको वृद्धिको सम्भावना धेरै रहेको छ।

२. **देशको आर्थिक अवस्थामा आउने उतार चढाव :** राजनीतिक, आर्थिक अस्थिरताले बजारमा ल्याउन सक्ने अनिश्चितता तथा सरकारका आर्थिक नीतिहरू र कानुनी व्यवस्थामा हुने परिवर्तनहरूले बीमा कम्पनीहरूको कार्य सञ्चालन क्षमतामा केहि प्रभाव पार्न सक्दछन्।

३. **प्राकृतिक प्रकोप :** प्राकृतिक प्रकोप, दैविक प्रकोप, विभिन्न रोगहरुको महामारीबाट लगायत अन्य अनपेक्षित आपतकालीन अवस्थाहरूले सिर्जना गर्ने जोखिमका कारण बीमा क्षेत्रमा प्रत्यक्ष असर गर्ने भएको कारणले गर्दा समयमै अनुसन्धान र जोखिम न्यूनीकरण रणनीति अपनाउनु आवश्यक छ।

४. **समय सापेक्षिता :** ग्राहकहरुलाई आकर्षित गर्न र सम्बन्ध कायम राख्न नयाँ र प्रभावकारी बीमा योजनाहरू तथा सेवाहरू परिस्कृत तथा परिमार्जन गर्न अपरिहार्य छन्। बीमा कम्पनीहरूले ग्राहकहरुको आवश्यकताअनुसार नविनतम सोचहरु विकास गर्दै प्रतिस्पर्धात्मक बन्नुपर्ने एक प्रमुख चुनौतीको रुपमा देखिएको छ।

५. **डिजिटल माध्यमको पहुँच :** डिजिटल प्लेटफर्म र प्रविधिको प्रयोगले बीमा सेवा प्रदान गर्ने पद्धतिमा सुधार ल्याइरहेका छन्। ग्राहकहरूले अनलाइन तथा डिजिटल सेवालाई प्राथमिकता दिन थालेका छन्जसले गर्दा बीमा कम्पनीहरूलाई भूगोलजन्य र पहुँच सम्बन्धी चुनौतीहरू समाधान गर्दै बीमाको पहुँचमा वृद्धि गर्न मद्दत गर्नेछ।

६. **बीमा सेवा क्षेत्रसँग सम्बन्धित निम्न जोखिमहरु रहन सक्दछन्जसलाई कम्पनीको व्यवस्थापनले समय सापेक्ष व्यवस्थापन गर्नुपर्दछ :**
६.१. देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
६.२. वैदेशिक रोजगारीमा देखा पर्ने विभिन्न समस्याका कारण उत्पन्न हुन सक्ने जोखिमहरु।
६.३. बीमा प्रतिस्पर्धी बजारबाट उत्पन्न हुन सक्ने जोखिमहरु।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : लागू नहुने।

ङ) विदेशी विनिमयको जोखिम : देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन र विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुने परिवर्तनले व्यापार र लगानीमा चुनौती सिर्जना गर्न सक्दछन्। यद्यपि लघु जीवन बीमा कम्पनीको कार्यक्षेत्र नेपाल भित्र मात्र रहेको र नेपाली पुनर्बीमाकर्तासँग मात्र कारोबार गरिने भएकाले विदेशी विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु न्यून रहेका छन्।

च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्नसक्ने अवरोधहरु : हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
२. अन्तर्राष्ट्रिय बीमा बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः
१. नेपाल बीमा प्राधिकरणले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिम।
२. नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु।

झ) संचालन इतिहासको अभाव : यस कम्पनीले आफ्नो कारोबार मिति २०८० ज्येष्ठ ८ गतेबाट सञ्चालनमा ल्याएको हुँदा बीमा कम्पनीको कारोवार सञ्चालनको इतिहासको छोटो अनुभव रहेको छ। एक वर्षको संचालन अवधिमा कम्पनीले आफुलाई लघु बीमा बजारको क्षेत्रमा प्रतिष्प्रर्धीहरु बीच एक सबल संस्थाको रुपमा उभ्याई कुल लघु बीमा बजारको करीब ५८ प्रतिशत हिस्सा ओगटन सफल भएको छ।

ञ) प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम :
१. नयाँ प्रविधिको विकास सगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने सञ्चालन तथा साख: सम्बन्धी जोखिम।
२. प्रविधि सम्बन्धी परिवर्तनबाट कम्पनीको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। कम्पनीले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनीकरण गर्न कम्पनी सक्षम रहेको छ।

ट) अन्य :
१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
३. बैंक तथा वित्तीय संस्थाको निक्षेपको व्याजदर घटनाले लगानीबाट हुने व्याज आम्दानीको संकुचन जोखिम।
४. पूँजी बजारमा आउने गिरावटको कारण बीमा कम्पनीको लगानीको मूल्यमा ह्रास आउने जोखिम।
५. दैवी प्रकोप, महामारी रोग तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई व्यवसायमा आउने प्रभाव तथा बीमादावीमा वृद्धी हुने जोखिम।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :
- कम्पनीमा सक्षम र सबल आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने,
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने,
- अनुभवी तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने,
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने,
- निश्चित हद भन्दा माथिको बीमाङ्क रकम स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग पुनर्बीमा गरी अन्तर्निहित जोखिमको व्यवस्थापन गर्ने,
- ग्राहक पहिचान सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउदै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरी यस सम्बन्धी जोखिमको व्यवस्थापन गर्ने,
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनहरुको पूर्ण परिपालना गरी अन्तर्निहित जोखिम पहिचान गरी सोको व्यवस्थापन गर्ने,
- कम्पनीको सूचना प्रविधि तथा जोखिम व्यवस्थापन नीति अनुरुप कम्पनीको सूचना प्रविधि प्रणालीलाई चुस्त र अद्यावधिक बनाई राख्ने,
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने।

जोखिम न्यूनीकरणका लागि कम्पनीले देहाय अनुसार पुनर्बीमा गरेको छ :

क्र.सं.	पुनर्बीमाको प्रकार	विवरण	सम्झौता
१	प्रत्यक्ष हिस्सा	नेपाल बीमा प्राधिकरणद्वारा जारी गरिएको पुनर्बीमा निर्देशिका बमोजिम आफ्नो व्यवसायको निश्चित प्रतिशत रकम हिमालयन रि-इन्स्योरेन्स लि. र नेपाल रि-इन्स्योरेन्स लि. मा पुनर्बीमा गरिएको।	हिमालय रि-इन्स्योरेन्स लि. सँग वि.सं.२०८०/०३/०७ मा सम्झौता भएको र सोहि सम्झौतामा नेपाल रि-इन्स्योरेन्स लि. ले समर्थन जनाएको।
२	अधिशेष (Surplus Treaty)	कम्पनीले आफूले धारण गर्ने जोखिम (हाललाई २ लाख) भन्दा माथीका सम्पूर्ण जोखिमहरुलाई ८५% र १५% को दरले क्रमश: हिमालयन रि-इन्स्योरेन्स लि. र नेपाल रि-इन्स्योरेन्स लि. मा पुनर्बीमा गरिएको।	हिमालय रि-इन्स्योरेन्स लि. सँग वि.सं.२०८०/०३/०७ मा सम्झौता भएको र सोहि सम्झौतामा नेपाल रि-इन्स्योरेन्स लि. ले समर्थन जनाएको।
३	महाविपत्ती पुनर्बीमा	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार महाविपत्ती बाट हुने ५० जनासम्मको जोखिम कम्पनी स्वयंले बहन गर्ने र सो भन्दा माथि जोखिम पुनर्बीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको।	हिमालय रि-इन्स्योरेन्स लि. सँग वि.सं.२०८०/०५/१७ मा सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नवीकरण हुने व्यवस्था रहेको।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
सर्वसाधारणहरुको लागि रु.१००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम:

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने २२,५०,००० कित्ता साधारण शेयरको लागि रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैयाँ मात्र) रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिम कम्पनीद्वारा प्रदान गरिएको छ :

सि.नं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूति गरेको शेयर संख्या	प्रत्याभूत रकम (रु.)
१	आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	१६,८८,०००	१६,८८,००,०००/-
२	आरबिबि म्युचुअल फण्ड १	५,६२,०००	५,६२,००,०००/-
	जम्मा	२२,५०,०००	२२,५०,००,०००/-

१८. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:

(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया:
नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने २२,५०,००० कित्ता धितोपत्रको १० प्रतिशले हुन आउने २२५,००० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ। कथंकदाचित वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा विक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समूहमा थप गरी जारी गरिनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्होरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँड मा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचीकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ।

ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको

च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, बिरेन्द्रनगर नगरपालिका वडा नं.०६, सुर्खेत, वा प्रादेशिक कार्यालय रमेश कम्प्लेक्स, ललितपुर वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाडौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिदाँ दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन्।

२०. आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु:

विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन्।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिँदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।
३. निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ।
४. रु.५० हजारसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन छट दिने आवेदकले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) दरखास्त फाराममा खुलाउनु पर्नेछ।
५. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्युनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।
६. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्। साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ।

२१. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:

१. निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण : साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, बीमा ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ। लघु जीवन बीमाको प्रकृति बमोजिम व्यवसाय वृद्धिको अनुपातमा चुक्ता पूँजी वृद्धि भएमा कम्पनीको वित्तीय क्षमता थप सुदृढ हुनुका साथै चुक्ता पूँजी तथा जगेडा कोषलाई एउटा निश्चित अनुपातमा राख्दा कम्पनीको सोल्भेन्सी मार्जिन समेत सकारात्मक हुने भई कम्पनीको समग्र वित्तीय अवस्था सुदृढ हुने हुँदा यस सार्वजनिक निष्काशनबाट प्राप्त रकमले उक्त अवस्था अनुकुल बनाउन मद्दत गर्दछ। यसैगरी नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको नयाँ लगानी निर्देशिकाले विभिन्न पूर्वाधारजन्य क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानीको अवसरहरु प्रदान गरेकोले त्यस्तो क्षेत्रहरुमा लगानी विस्तारका लागि उक्त रकम उपयोगको लागि पहल गरिनेछ। साथै साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनीको नियमित कारोबार एवं आर्थिक कारोबारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ :

क्र.सं.	विवरण	रकम (रु.)
१	नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र तथा बचतपत्र	४५,०००,०००/-
२	बैंक तथा वित्तीय संस्थाद्वारा जारी मुद्दती निक्षेप	९०,०००,०००/-
३	बैंक तथा वित्तीय संस्थाद्वारा जारी ऋणपत्र तथा डिवेन्चर	५६,२५०,०००/-
४	सूचीकृत पब्लिक लिमिटेड कम्पनीको वण्ड, डिवेञ्चर, ऋणपत्र	६,७५०,०००/-
५	नागरिक लगानी कोष तथा म्युचुअल फण्ड	११,२५०,०००/-
६	सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर	१५,७५०,०००/-
	जम्मा	२२,५०,००,०००/-

२२. निष्काशन बैंक (Bankers to the Issue):

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाताको नाम	बैंक खाता नम्बर
१.	श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ	NIMB Ace-Crest Micro Life IPO	०३६०१०४०२६८३१८

२३. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान:

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थान
१.	केस्ट माइको लाइफ इन्स्योरेन्स लिमिटेड, रमेश कम्प्लेक्स, ललितपुर र वेबसाइट : www.cmli.com.np
२.	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट : www.nimbacecapital.com
२.	नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ।
दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :	
	वैदेशिक रोजगारमा रहेका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२४. धितोपत्र बिक्री खुल्ला अवधि:

स्वीकृत विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन खुल्ला गरिनेछ। जसको अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ। उक्त शेयरहरु बाँडफाँड गरे पश्चात् सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालन अधिकृत श्री सन्देश सुवेदी ज्यूलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४५२५२८० (एक्सटेन्शन: ४४७) मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com